**आकाशवाणी समाचार- नेपाली**

मितिः १० जनवरी २०२५

समयः ०७.२५ - ०७ः ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

१. राष्ट्रपति द्रौपदी मुर्मुले आज भुवनेश्वरमा १८ औं प्रवासी भारतीय दिवस सम्मेलनमा भाग लिनुहुनेछ।

२. रक्षामन्त्री राजनाथ सिंहले आज नयाँ दिल्लीमा एरो इन्डिया २०२५ अघि राजदूतहरूको बैठकको अध्यक्षता गर्नु हुनेछ।

३. संसदीय मामिला मन्त्री किरेन रिजिजुले आज नयाँ दिल्लीमा केन्द्रीय विद्यालयहरूलाई ३४ औं राष्ट्रिय युवा संसद प्रतियोगिता २०२३-२४ को पुरस्कार प्रदान गर्नु हुनेछ।

४. दिल्ली विधानसभा चुनावको आज अधिसूचना जारी गरिनेछ।

५. भारत र आयरल्याण्डबीचको तीन खेलको एकदिवसीय महिला क्रिकेट शृङ्खलाको पहिलो खेल आज गुजरातको राजकोटमा खेलिनेछ।

**राष्ट्रपति - प्रवासी भारतीय सम्मान**

राष्ट्रपति द्रौपदी मुर्मुले आज भुवनेश्वरमा १८ औं प्रवासी भारतीय दिवस सम्मेलनमा भाग लिनुहुनेछ। यस अवसरमा उहाँले लगभग ७५ देशका ठूलो संख्यामा प्रवासी भारतीयहरुलाई सम्बोधन गर्नु हुनेछ। बुधबारदेखि शुरु भएको यस तीन दिने सम्मेलनको आज अन्तिम दिन हो। प्रधानमन्त्री नरेन्द्र मोदीले हिजो औपचारिक रूपमा सम्मेलनको उद्घाटन गर्नुभयो।
राष्ट्रपति मुर्मुले विभिन्न क्षेत्रहरूमा उत्कृष्टताको लागि प्रवासी भारतीय सम्मान पनि प्रदान गर्नु हुनेछ। यो पुरस्कार गैर-आवासीय भारतीय, भारतीय मूलका व्यक्ति वा प्रवासी भारतीयहरुलाई दिइन्छ। यो सम्मान एन.आर.आई. या पी.आई.ओ द्वारा स्थापित कुनै पनि संस्था वा संस्थालाई दिइने सर्वोच्च सम्मान हो।

****** ० ******

**राजनाथ-राजदूत सम्मेलन**

रक्षामन्त्री राजनाथ सिंहले आज नयाँ दिल्लीमा एरो इन्डिया २०२५ अघि राजदूतहरूको बैठकको अध्यक्षता गर्नु हुनेछ। यस कार्यक्रममा भाग लिन एक सय पचासभन्दा बढी मित्र राष्ट्रका राजदूत र उच्चायुक्तहरूलाई आमन्त्रित गरिएको छ। एसियाको सबैभन्दा ठूलो एयर शो, एयरो इन्डियाको १५ औं संस्करण १० फरवरीदेखि १४ फरवरीसम्म बेंगलुरुको येलहंका एयर फोर्स स्टेशनमा आयोजना हुनेछ।यस वर्षको कार्यक्रमको विषयवस्तु "रनवे टु अ बिलियन अपर्चुनिटीज" हो। एरो इन्डियाले स्वदेशीकरण प्रक्रियालाई तीव्र बनाउन र अत्याधुनिक प्रविधिहरू प्रदर्शन गर्न विदेशी र भारतीय कम्पनीहरूबीच साझेदारी निर्माण गर्न प्लेटफर्म प्रदान गर्नेछ।रक्षा मन्त्रालयका अनुसार कार्यक्रमको पहिलो तीन दिन व्यावसायिक दिन हुनेछन् भने १३ र १४ फरवरीमा सर्वसाधारणलाई अनुमति दिइनेछ।

****** ० ******

**रिजिजु-युवा संसद**

संसदीय मामिला मन्त्री किरेन रिजिजुले आज नयाँ दिल्लीमा केन्द्रीय विद्यालयहरूलाई ३४ औं राष्ट्रिय युवा संसद प्रतियोगिता २०२३-२४ को पुरस्कार प्रदान गर्नु हुनेछ। संसदीय मामिला मन्त्रालयले एक विज्ञप्तिमा भनेको छ कि केन्द्रीय विद्यालय संगठनका २५ क्षेत्रहरूमा फैलिएका लगभग १५० केन्द्रीय विद्यालयहरू प्रतियोगितामा सहभागी थिए। युवा संसद योजनाले युवा

पुस्तामा आत्म-अनुशासन, विविध विचारहरूप्रति सहिष्णुता र लोकतान्त्रिक जीवनशैलीका अन्य गुणहरू विकास गर्ने लक्ष्य राखेको पनि बताइएको छ।

****** ० ******

**केरला-एल मुरुगन**

केन्द्रीय सूचना तथा प्रसारण राज्यमन्त्री एल. मुरुगन आज केरलाको कोल्लम र तिरुवनन्तपुरम जिल्लामा आयोजित धैरै कार्यक्रमहरूमा भाग लिनु हुनेछ। श्री मुरुगनले कोल्लमका दुई विद्यालयहरूमा "सुगाथा सुक्ष्मवनम" कार्यक्रमको उद्घाटन गर्नु हुनेछ। यस कार्यक्रम अन्तर्गत १२६ विद्यालयमा ११ हजार तीन सय ४० बिरुवा रोपिनेछ। यो पहलको उद्देश्य स्वर्गीय कवि तथा वातावरणविद् सुगथकुमारीलाई उनको ९० औं जन्मजयन्तीमा सम्मान गर्नु होश्री मुरुगन केरलाको दुई दिने भ्रमणमा हुनुहुन्छ। उहाँले हिजो कोल्लमको भल्लिकाभुमा रहेको माता अमृतानन्दमयी मठको भ्रमण गर्नुभयो। उहाँले आज अमृतपुरी क्याम्पसमा राष्ट्रिय स्तरको विज्ञान प्रतियोगिताको उद्घाटन गर्नुहुनेछ। यसपछि, उहाँले तिरुवनन्तपुरममा आकाशवाणी र दूरदर्शनसहित सूचना तथा प्रसारण मन्त्रालय अन्तर्गतका विभिन्न मिडिया एकाइहरूको गतिविधिहरूको पनि समीक्षा गर्नुहुनेछ।

****** ० ******

**दिल्ली चुनाव सूचना**

दिल्ली विधानसभा चुनावको अधिसूचना आज जारी गरिनेछ। सूचना जारी हुने बित्तिकै मनोनयन प्रक्रिया शुरु हुनेछ। मनोनयन पत्रहरू १७ जनवरीसम्म भरिनेछन्। हाम्रो संवाददाताले २० जनवरीसम्म नाम फिर्ता लिन सकिने जानकारी दिएका छन्।

****** ० ******

**महाकुम्भ**

प्रयागराजमा १३ जनवरीदेखि २६ फरवरीसम्म महाकुम्भ आयोजना हुँदैछ। महाकुम्भ पौष पूर्णिमामा पवित्र अमृत स्नानबाट शुरु हुनेछ र महाशिवरात्रिको दिन अन्तिम अमृत स्नानसँगै समापन हुनेछ।उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथले यस वर्ष महाकुम्भमा ४० करोडभन्दा बढी भक्तजन उपस्थित हुने अपेक्षा गरिएको बताउनु भएको छ। यस कार्यक्रमले अर्थतन्त्रमा लगभग २ लाख करोड रुपियाँ योगदान पुऱ्याउने अपेक्षा गरिएको छ। हिजो प्रयागराजमा महाकुम्भको तयारीको समीक्षा गर्नु भएपछि, श्री योगी आदित्यनाथले महाकुम्भ आस्था र आधुनिकताको संगम हुने बताउनु भएको छ। उहाँले भक्तजनको सुरक्षित बसाइको लागि सबै तयारी पूरा भएको बताउनु भएको छ।

**बाइट**

दुई दिने भ्रमणमा प्रयागराज पुगनु भएको मुख्यमन्त्री योगी आदित्यनाथले महाकुम्भको लागि डिजिटल मिडिया सेन्टरको पनि उद्घाटन गर्नु भयो। हाम्रा संवाददाताले प्रयागराजमा भक्तजनको सुरक्षाको लागि विस्तृत व्यवस्था गरिएको जानकारी दिएका छन्।

****** ० ******

**कुम्भवानी च्यानल**

महाकुम्भको लागि आज प्रयागराजमा आकाशवाणीको विशेष च्यानल कुम्भवाणीको शुरुवात हुनेछ। उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथले च्यानलको शुरुवात गर्नु हुनेछ। सूचना तथा प्रसारण राज्यमन्त्री डा. एल. मुरुगन अनलाइन कार्यक्रममा सामेल हुनु हुनेछ। यस अवसरमा मुख्यमन्त्रीले कुम्भ मंगल धुनको पनि शुभारम्भ गर्नुहुनेछ।आजदेखि २६ फरवरीसम्म, महाकुम्भको हरेक गतिविधिमा आधारित विभिन्न कार्यक्रमहरू बिहान ५:५५ बजेदेखि राति १०:०५ बजेसम्म कुम्भवाणी मा प्रसारण हुनेछन्। अमृत स्नानको प्रत्यक्षदर्शीको कथा कुम्भवाणी च्यानलमा वर्णन गरिनेछ। यो कार्यक्रम १०३.५ मेगाहर्ज फ्रिक्वेन्सी, एआईआर एप र ओटीटी प्लेटफर्महरूमा समाचार पनि सुन्न सकिन्छ।

****** ० ******

**सीबीआई चिदम्बरम**

केन्द्रीय अनुसन्धान ब्यूरो – सीबीआईले पूर्व अर्थमन्त्री पी. चिदम्बरमका छोरा तथा कांग्रेस सांसद कार्ती चिदम्बरम विरुद्धको कथित भ्रष्टाचार मुद्दामा नयाँ प्रतिवेदन दर्ता गरेको छ। यो मुद्दा अल्कोहलयुक्त पेय पदार्थ कम्पनी डियाजियो स्कटल्याण्ड र सेक्वोइया

क्यापिटलले एडभान्टेज स्ट्राटेजिक कन्सल्टिङ प्राइभेट लिमिटेडलाई गरेको कथित शंकास्पद भुक्तानीसँग सम्बन्धित छ। भुक्तानी प्राप्त गर्ने कम्पनी कार्ती चिदम्बरम र उनका नजिकका सहयोगीहरूको नियन्त्रणमा रहेको आरोप छ।सिबिआईले ह्विस्कीको शुल्कमुक्त बिक्रीमा प्रतिबन्धबाट राहत प्रदान गरेको आरोपमा डियाजियो स्कटल्याण्ड विरुद्ध मुद्दा दायर गरेको छ। यो मुद्दा २००८ मा भारतमा ड्यूटी फ्री ( शुल्क मुक्त) मदिरा बिक्री गर्न कम्पनीमाथि लगाइएको प्रतिबन्ध हटाउने अनियमिततासँग सम्बन्धित छ।

****** ० ******

**विकसित भारत-संवाद**

विकसित भारत युवा नेता संवाद २०२५ आज नयाँ दिल्लीको भारत मण्डपममा शुरु हुँदैछ। युवा मामिला तथा खेलकुद मन्त्रालयले तीन दिने कार्यक्रममार्फत् विकसित भारतको लागि नवीन समाधानहरू प्रस्ताव गर्न युवाहरूलाई एक अद्वितीय प्लेटफर्म प्रदान गर्ने लक्ष्य राखेको बताएको छ। यसले युवा नेताहरूलाई देशको भविष्यलाई आकार दिन आफ्ना विचारहरू योगदान गर्दै नीति निर्माताहरू, राष्ट्रिय र विश्वव्यापी व्यक्तित्वहरूसँग प्रत्यक्ष संलग्न हुने अवसर प्रदान गर्नेछ। मन्त्रालयले देशभरका युवा नेताहरूले विकसित भारतको लागि आफ्ना विचार व्यक्त गर्न विभिन्न कार्यक्रमहरूमा भाग लिएको र लगभग ३० लाख युवाहरूको सहभागिता रहेको बताएको छ।विकसित भारत युवा नेता संवादमा भाग लिन लगभग तीन हजार गतिशील र प्रेरित युवाहरूलाई छनोट गरिएको छ। सहभागीहरूले दश पहिचान गरिएका विषय वस्तुहरूमा केन्द्रित विषयगत प्रस्तुतीकरण र प्रतियोगिताहरूमा भाग लिनेछन्। यसमा विकास र विरासत, विकसित भारतको लागि युवाहरूलाई सशक्त बनाउने, कृषिमा उत्पादकत्व बढाउने, भारतलाई विश्वको स्टार्टअप राजधानी बनाउने र भविष्यको लागि पूर्वाधार निर्माण गर्ने समावेश छन्।

****** ० ******

**डब्ल्यूसीडी-चिन्तन शिविर**

महिला तथा बाल विकास मन्त्री अन्नपूर्णा देवीले आज राजस्थानको उदयपुरमा तीन दिने चिन्तन शिविरको उद्घाटन गर्नु हुनेछ। यस अवसरमा, देशभरका महिला र बालबालिकाको समग्र विकास र कल्याणसँग सम्बन्धित मुद्दाहरू राज्य र केन्द्र शासित प्रदेशका प्रतिनिधिहरूसँग छलफल गरिनेछ। शिविरले विभिन्न चुनौतीहरूलाई सम्बोधन गर्न, विचारहरू साझा गर्न र सरकारी कार्यक्रमहरूले लक्षित जनसंख्याको आवश्यकताहरू पूरा गर्छन् भनी सुनिश्चित गर्न समाधानहरू ल्याउन मंच प्रदान गर्नेछ।यस अवसरमा, मिसन वात्सल्य, मिसन शक्ति, मिसन सक्षम आंगनवाडी र पोषण लगायत मन्त्रालयका प्रमुख पहलहरूमा केन्द्रित धेरै सत्रहरू आयोजना गरिनेछ। कार्यक्रममा महिला तथा बाल विकास राज्यमन्त्री सावित्री ठाकुर, राजस्थानका मुख्यमन्त्री भजनलाल शर्मा, राजस्थानका उप मुख्यमन्त्री दिया कुमारी र धेरै राज्यका मन्त्रीहरू पनि उपस्थित हुनेछन्।

****** ० ******

**महिला क्रिकेट-एकदिवसीय**

भारत र आयरल्याण्डबीचको तीन खेलको एकदिवसीय महिला क्रिकेट शृङ्खलाको पहिलो खेल आज गुजरातको राजकोटमा खेलिनेछ। खेल आज बिहान ११ बजे शुरु हुनेछ। कप्तान हरमनप्रीत कौर र रेणुका सिंह ठाकुरलाई आराम दिइएको छ। भारतीय टोलीको कप्तान स्मृति मन्धाना र उप कप्तान दीप्ती शर्मालाई बनाइएको छ।शृङ्खलाको दोस्रो खेल आइतबार र तेस्रो खेल १५ जनवरीमा खेलिनेछ। भारतले गत महिना एकदिवसीय शृङ्खलामा वेस्ट इन्डिजलाई ३-० ले पराजित गरेको थियो।

****** ० ******

**चन्द्र आर्य - क्यानडाको प्रधानमन्त्रीको उम्मेदवार**

क्यानडामा भारतीय मूलका सांसद चन्द्र आर्यले जस्टिन ट्रुडोको राजीनामापछि प्रधानमन्त्री पदको लागि आफ्नो उम्मेदवारी घोषणा गर्नु भएको छ। उहाँ ओटावाबाट लिबरल पार्टीका सांसद हुन्। श्री आर्यले आफू प्रधानमन्त्री बनेमा उपभोक्ता कार्बन कर हटाउने र क्यानडालाई गणतन्त्र बनाउने वाचा गर्नु भएको छ।